# नेपालको प्रजातान्त्रिक आन्दोलनः एक विश्लेषण

**अर्जुन बहादुर भण्डारी***


## सार

*संसारका प्रजातान्त्रिक आन्दोलनको परिप्रेक्ष्यमा नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास त्यति लामो पाइँदैन । वास्तवमा नेपालको प्रजातान्त्रिक आन्दोलनको शुरुवात एउटा परिवारको मनपरितन्त्र र जनतापक्षले चाहेको निर्णायक भूमिका बिचको संघर्षबाट भएको पाइन्छ । कालान्तरमा मूल्य, मान्यता, आदर्श एवम् सैद्धान्तिक दृष्टिकोण समेत समाहित भई यसले विशिष्टता प्राप्त गऱ्यो । तसर्थ नेपालको प्रजातान्त्रिक आन्दोलनको विजारोपण राणा शासनको उत्तरार्द्धमा राणा विरोधी आन्दोलनको रुपमा शुरुवात भई यसले विभिन्न कालखण्डमा विभिन्न स्वरुप परिवर्तन गर्दै अन्ततः लोकतान्त्रिक गणतन्त्र प्राप्तिको उद्देश्यमा गई टुङ्गिएको छ । पृथ्वीनारायण शाहले राष्ट्र निर्माणमा सामान्य जनताको सहयोगको महत्वलाई राम्ररी बुझेका थिए । तसर्थ पृथ्वीनारायण शाहको अभियान सामान्य जनताको सहयोग, सहभागिता र समर्थनमा आधारित थियो । जसले स्थायित्वको प्रत्याभूति गरायो । तर उनी पछिका शासकहरुले जनचाहना, लोकसम्मति र जनताको उपेक्षा गर्दा नेपालको राजनीति प्रतिशोध, बदलाको भावना, षडयन्त्र, भ्रष्टाचार र अव्यवस्थाको केन्द्र बन्न पुग्यो । लोकसम्मति र जनचाहना अनुसार संचालन हुने शासनव्यवस्था एकतन्त्रिय, गुटगत, स्वार्थबाट प्रेरित हुन थाल्यो फलस्वरुप जनताले आफ्नो हक स्थापनार्थ कालक्रम अनुसार हतियार बन्द तथा हतियार विहिन आन्दोलनको थालनी गर्नुपऱ्यो । चन्द्र शमशेरको शासनकालबाट शुरु भएको प्रजातान्त्रिक आन्दोलन वि.सं. २०६२।६३ को लोकतान्त्रिक-गणतन्त्र स्थापनाको अवस्थामा आई स्थिर बनेको छ । जसलाई राजनैतिक विश्लेषकहरु प्रजातान्त्रिक आन्दोलनको समापन विन्दुको रुपमा परिभाषित गर्ने गर्दछन् । वास्तवमा आन्दोलन स्थायी प्रकृतिको नभई गतिशिल स्वरुपको हुने र समाजका कतिपय अनुत्तरित सवालको हल प्राप्त नभइ सकेकोले आन्दोलनको सम्भाव्यता अन्त्यको विश्लेषण भने गर्न सकिँदैन ।*


**शब्दकुञ्जिः** *प्रजातन्त्र, प्रजातान्त्रिक आन्दोलन, राजनैतिक दलहरु, सशस्त्र संघर्ष, लोकतन्त्र, संविधान ।*

## उद्देश्य

(क) नेपालको प्रजातान्त्रिक आन्दोलनको विषयमा संक्षिप्त जानकारी गराउनु ।

(ख) नेपालको प्रजातान्त्रिक आन्दोलनको विश्लेषण गर्नु ।

## शोध प्रश्न

(क) नेपालको प्रजातान्त्रिक आन्दोलनको संक्षिप्त इतिहास के हो ?

(ख) नेपालको प्रजातान्त्रिक आन्दोलनको चरणवद्ध इतिहासलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

## विधि

प्रस्तुत लेख गुणात्मक अध्ययनमा आधारित रहेको छ । यसमा वर्णनात्मक र गुणात्मक विधिको

* *Associate Professor, Department of History, Prithivi Narayan Campus, Pokhara.*

प्रयोग गरिएको छ। यस लेखमा द्वितीय श्रेणीका स्रोतहरुको प्रयोग गरिएको छ। प्रकाशित पुस्तक, सन्दर्भ ग्रन्थ, अनुसन्धानात्मक लेख आदिलाई सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गरिएको छ। यसले विवरणात्मक माध्यमबाट नेपालको प्रजातान्त्रिक आन्दोलनको विश्लेषण गरेको छ। यस लेखमा वि.सं. २००७ देखि वि.सं. २०६३ अवधिको प्रजातान्त्रिक आन्दोलनलाई संक्षिप्त रुपमा समेट्ने प्रयास गरिएको छ।

## पुष्ठभूमि

नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास राणा शासनको उत्तरार्द्धमा राणा विरोधी आन्दोलनको रुपमा मात्र शुरु भएको पाइन्छ। ई.सं. १८५२ मा कप्तान भोटुसिंह र वि.सं. १९३२-३३ मा लखन थापाले जंगबहादुर विरुद्ध विद्रोह गरेका थिए (मानन्धर, २०४८)। त्यस्तै वि.सं. १९३३-३४ तिर गोरखाका गुरुङ्गहरुले राणा शासन विरुद्ध विद्रोह गरेका थिए (मानन्धर, २०४८)। वि.सं. १९३३ मा गोरखाका शुकदेव गुरुङ्गले जंगबहादुर विरुद्ध विद्रोहको सुरुवात गरे र मानिसहरुलाई भड्काउन थाले। केही गर्न नपाउँदै उनी पक्राउ परे र वि.सं १९३३ को चैत्र महिनामा उनी जेलभित्र मरे (मानन्धर, २०४८)। त्यस्तै सुपति गुरुङ्गले पनि राणा शासन विरुद्ध आफूलाई बौद्ध बादशाह नौ सरकार घोषणा गरी विद्रोह गरेका थिए (मानन्धर, २०४८)। उल्लेखित घटनाहरुलाई इतिहासकार हरुले आफ्नो सुविधा अनुसार राणा शासन विरुद्धको विद्रोह र प्रजातान्त्रिक आन्दोलनको पृष्ठभूमिको रुपमा लिएको पाइन्छ। ऐतिहासिक तथ्य विश्लेषणका आधारमा भोटु सिंह लखनथापा, शुक्रदेव र सुपति गुरुङ्गहरुको विद्रोह व्यक्तिगत रुपमा जंगबहादुर विरुद्धको विद्रोह मात्र भएको र विद्रोहको राजनैतिक र दार्शनिक पक्ष कमजोर रहेको सन्दर्भमा उक्त आन्दोलनलाई प्रजातान्त्रिक आन्दोलनको पृष्ठभूमि मान्न त्यति तर्कसंगत देखिँदैन। निश्चित राजनैतिक उद्देश्य र दार्शनिक आधारमा भएको राणा विरोधी आन्दोलन राणशासनको उत्तरार्द्धको अर्थात चन्द्र शमशेरको शासनलाई प्रजातान्त्रिक आन्दोलनको सुरुवातको अवस्था मान्न सकिन्छ। यसरी चन्द्र शमशेरको शासनकालदेखि शुरु भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न आरोह/अवरोह पार गर्दै वर्तमान समय सम्मका लोकतान्त्रिक, संघीय, गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको विन्दुमा आइपुगेको छ। हुनत एकथरी विश्लेषक यसलाई आन्दोलनको अन्तिम प्रस्थान विन्दुको रुपमा परिभाषित गर्न र आन्दोलन सकिएको विश्लेषण गर्न पछि पर्दैनन् भने इतिहासका जानकारहरु घटना, सन्दर्भ परिस्थितिले आन्दोलन वैचारिक समूहहरुद्वारा उठान भएका विषय सन्दर्भको सम्बोधन आजको शासन व्यवस्थाले समेत गर्न नसकेको हुँदा आन्दोलनका सम्भावनालाई नर्कान नसकिने तर्क गर्दछन्। आन्दोलन स्थायी प्रकृतिको नभएर गतिशील स्वरुपको हुने हुँदा आन्दोलनको सम्भाव्यताको अन्त्यको विश्लेषण भने गर्न सकिँदैन।

## विषय प्रवेश

नेपालको प्रजातान्त्रिक आन्दोलनलाई कालक्रम र घटनाअनुसार ४ चरणमा विभाजन गर्न सकिन्छ। हुन त प्रजातन्त्रको शब्दको परिभाषा, प्रजातान्त्रिक आन्दोलनको विवेचना, आन्दोलनका चरण विभाजनबारे इतिहासकारहरु बिच मैतक्यता देखिँदैन। विभिन्न इतिहासकारहरुले सुविधा र अनुकूलता अनुसार

यसको व्याख्या विश्लेषण र विवेचना गरेका छन् । यसै सन्दर्भमा इतिहासको विद्यार्थीको नाताले प्रजातान्त्रिक आन्दोलनको चरण विभाजन यस निम्नानुसार हुन सक्दछ भन्ने लेखकको व्यक्तिगत धारणा हो । यसमा सहमत हुनुपर्दछ भन्ने जरुरी छैन ।

नेपालको प्रजातान्त्रिक आन्दोलनलाई मूलतः ४ चरणमा विभाजन गर्न सकिन्छ ।

(क) पहिलो चरण - वि.सं. २००७ साल सम्मको राणा विरोधी र प्रजातन्त्र प्रतिको आन्दोलन ।

(ख) दोस्रो चरण - वि.सं. २००७ देखि वि.सं. २०१५ बीचको प्रजातान्त्रिक आन्दोलन ।

(ग) तेस्रो चरण - वि.सं. २०१७ देखि वि.सं. २०४६ बीचको प्रजातान्त्रिक आन्दोलन ।

(घ) चौथो चरण - वि.सं. २०५१ देखि वि.सं. २०६२/६३ बीचको प्रजातान्त्रिक आन्दोलन ।

**(क) पहिलो चरण –**

वि.सं. १९५० मा माधवराज जोशीले स्थापना गरेको 'आर्य समाज' बाट शुरु भएको नेपालको प्रजातान्त्रिक आन्दोलन वि.सं. १९६६ को कौशल अड्डाका सुब्बा कृष्णलाल अधिकारीको 'मकैको खेती' वि.सं. १९८८ को प्रचण्ड गोरखाको स्थापना, सार्वजनिक पुस्तकालयको स्थापना, लाइब्रेरी पर्व, वि.सं. १९९७ को 'महावीर स्कूल पर्व', नेपाल नागरिक अधिकार समितिको आन्दोलन, वि.सं १९९३ मा गठित 'नेपाल प्रजापरिषदको आन्दोलन हुँदै अगाडि बढ्यो । वि.सं १९९७ माघ ६ गते गाथगादी ताकेको अभियोगमा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त र गंगालाललाई अंश सर्वस्व र ज्यान सजाय, टंक प्रसाद, रामहरि शर्मा, चुडाप्रसाद, गणेशमान सिंह, हरिकृष्ण श्रेष्ठ, गोविन्द प्रसाद उपाध्याय र बलबहादुर पाण्डेलाई अंश सर्वस्व र आजन्म कैदको सजाय, अन्य थुप्रै व्यक्तिहरुलाई तह तहको कैद ठोकियो (शर्मा, २०३३) । यसै क्रममा वि.सं २००४ को नेपाल प्रजा पञ्चायतको सत्याग्रह, श्री ५ त्रिभुवनको गद्धित्याग र वि.सं. २००७ साल फागुन ७ गते श्री ५ त्रिभुवनको शाही घोषणा पश्चात १०४ वर्षे जहाँनिया शासनको अन्त्य र प्रजातान्त्रिक शासनको स्थापना भई नेपालको प्रथम चरणको प्रजातान्त्रिक आन्दोलन समाप्त भएको पाइन्छ (शर्मा, २०३३) ।

**(ख) दोस्रो चरण –**

वि.सं. २००७ मा स्थापित प्रजातन्त्रको स्थायित्वको लागि वि.सं. २००७ देखि वि.सं. २०१५ सम्म दोस्रो चरणको प्रजातान्त्रिक आन्दोलन भएको पाइन्छ। यस अवधिमा वि.सं. २००७ को डा. के. आई. सिंहको विद्रोह, वि.सं. २००८ को जातीय जनतान्त्रिक संयुक्त मोर्चाको आन्दोलन, वि.सं. २००८ को रक्षादलको विद्रोह, वि.सं. २०१० को भिमदत्त पन्तको विद्रोह, वि.सं. २०१० को नेपाली काँग्रेसको सत्याग्रह, वि.सं. २०१४ को 'प्रजातान्त्रिक मोर्चा' को भद्र अवज्ञा आन्दोलन' का कारण वि.सं. २०१५ मा नेपाली काँग्रेसका सुवर्ण शमशेरको अध्यक्षतामा सर्वदलिय मन्त्रिमण्डल गठन गरियो र वि.सं. २०१५ फागुन ७ गते प्रतिनिधि सभाका लागि वालिगमताधिकारको आधारमा १०९ सदस्यीय संसदको निर्वाचन भयो (देवकोटा, २०३६) । वि.सं. २००७ देखि वि.सं. २०१५ बिचको अवधि संविधानसभाको निर्वाचन वा संसदको निर्वाचन भन्ने विषयमा लामो संघर्षको समय रह्यो । अन्तत, संसदको निर्वाचन सम्पन्न भई वि.सं. २०१६ को प्रथम निर्वाचित मन्त्रिमण्डलको गठन सँगै समाप्त हुन गयो (मानन्धर र शर्मा, २०५३) ।

(ग) **तेस्रो चरण –**

वि.सं. २०१७ सालको काण्डले वि.सं. २००७ का उपलब्धिलाई कुण्ठित मात्र गरेन यसले राजनैतिक गतिविधि माथि नियन्त्रण गर्नुका साथै संसदीय व्यवस्थाको अन्त्य र पंचायती व्यवस्थाको सुरुवात हुन गयो। वि.सं. २०१९ पुष १ गते पञ्चायती संविधान लागु गरियो र दलीय व्यवस्थाको ठाउँमा निर्दलीय व्यवस्थाको स्थापना हुनगयो (मानन्धर र शर्मा, ऐजन) । यसरी वि.सं. २०१७ मा स्थापित पञ्चायती व्यवस्थाको विरुद्ध विभिन्न राजनैतिक दलहरुले तेस्रो चरणको आन्दोलन अन्तर्गत विभिन्न प्रजातान्त्रिक आन्दोलन सुरु गरे । जसको क्रम वि.सं. २०४६ सम्म निरन्तर चलिरह्यो । तेस्रो चरणको प्रजातान्त्रिक आन्दोलन अन्तर्गत वि.सं. २०१८ को 'नेपाली काँग्रेसको पहिलो सशस्त्र संघर्ष', वि.सं. २०२८ को झापा विद्रोह, वि.सं. २०२९ को नेपाली काँग्रेसको दोस्रो सशस्त्र संघर्ष, वि.सं. २०३० को हर्रेवर्रे संघर्ष, वि.सं. २०३५/०३६ को 'विद्यार्थी आन्दोलन' र जनमत संग्रह, दुध काण्ड, वि.सं. २०४२ को नेपाली काँग्रेसको सत्याग्रह, जनवादी मोर्चाको 'वमकाण्ड' र वि.सं. २०४६ को 'जनआन्दोलन' महत्वपूर्ण प्रजातान्त्रिक आन्दोलन हुन् (अधिकारी १९९८) । त्यस्तै वि.सं. २०१८ को भरतपुरकाण्ड, झापा काण्ड, संखुवासभा काण्ड, पिस्कर काण्ड आदि महत्वपूर्ण प्रजातान्त्रिक आन्दोलन पनि यसै बीच सम्पन्न भयो। वि.सं. २०१७ देखि चलेको तेस्रो चरणको आन्दोलन वि.सं. २०४६ मा प्रजातन्त्र स्थापना भई टुङ्गियो। वि.सं २०४७ मा जारी प्रजातान्त्रिक संविधान र उक्त संविधान अन्तर्गत वि.सं. २०४८ मा सम्पन्न संसदीय निर्वाचनले नेपालमा प्रजातन्त्रको पुनस्थापना भई तेस्रो चरणको प्रजातान्त्रिक आन्दोलन समाप्त हुन पुग्यो।

(घ) **चौथो चरण –**

वि.सं. २०४६ को आन्दोलनले वि.सं. २०१७ मा स्थापित पञ्चायती व्यवस्थाको अन्त्यमात्र गरेन यसले प्रजातन्त्रको पुनस्थापना गरी सक्रिय राजतन्त्रात्मक व्यवस्थालाई संवैधानिक स्वरुपमा संकुचित गरिदियो। वि.सं. २०४७ मा जारी संविधानले संसदीय व्यवस्थाको हिन्दुराज्यको परिकल्पना स्थापना र संवैधानिक राजसंस्थाको व्यवस्था गऱ्यो। संसदीय पद्धतिमा विश्वास गर्ने प्रमुख दलले स्वीकार गरेको वि.सं. २०४७ को संविधान संसदीय पद्धतिमा विश्वास नगर्ने र संसदलाई बोकाको टाउको देखाई कुकुरको मासु बेच्ने थलोको रुपमा परिभाषित गर्ने शक्तिले संसदीय व्यवस्थाको विरुद्ध सशस्त्र विद्राहको घोषणा गऱ्यो । जसलाई नेपालको प्रजातान्त्रिक इतिहासमा माओवादी सशस्त्र द्वन्द्वको रुपमा परिभाषित गरिएको पाइन्छ। वि.सं. २०५२ सालबाट सुरु भएको सशस्त्र माओवादी द्वन्द्व वि.सं. २०६२/०६३ को आन्दोलन भएर तत् पश्चात भएका. शान्ति सम्झौतामा आएर टुङ्गिएको छ। जसलाई नेपालको प्रजातान्त्रिक आन्दोलनको चौथो चरणको रुपमा परिभाषित गर्न सकिन्छ। चौथो चरणको आन्दोलनले नेपालको प्राचीन इतिहासकालदेखि चलिआएको राजतन्त्रात्मक व्यवस्थालाई गणतन्त्रमा संघीय प्रणालीबाट विखण्डीत नेपाललाई पृथ्वीनारायण शाहबाट भएको एकिकरण र ततूपश्चात स्थापित केन्द्रिय प्रणालीलाई विस्थापन गरी पुनः संघीय ढाँचामा नेपाललाई लैजाने काम भयो। एकिकृत हिन्दु राजतन्त्रात्मक राज्य गणतन्त्रात्मक राज्य प्रणालीमा परिवर्तन हुन पुग्यो।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २७ को प्रावधान अनुसार राजाले २०५९ असोज १८ र २०६१ माघ १९ शाही कदमबाट कार्यपालिकीय अधिकारलाई हातमा लिई धारा १२७ र धारा ७२ को

अभ्यास गरी राज्य संचालन गर्ने काम गरेका थिए (शिवाकोटी, २०७२) । जनताले मत दिने र चुनाव लड्ने वाहेक बेलायती मोडलको संसदीय पद्धतिले सरकार माथि नियन्त्रण गर्न सकेको देखिँदैन । संसद र संसदका प्रतिनिधिहरु जनताको भावना विपरित शक्ति र सत्ता संघर्षमा लिप्त हुन पुगेर कुनै पनि सरकारले आफ्नो अवधि पूरा गर्न र जनपक्षीय काम गर्ने तर्फ ध्यान नदिई सत्ता खेललाईनै प्राथमिकता दिन पुगे । अझ संसदको २०५२ को पुर्नस्थापना पछि त संसद सत्ताको खेलमात्र रहन पुग्यो (शिवाकोटी, २०७२) । यिनै विकृतिको बीच जनताको निराशालाई सम्बोधन गर्ने उद्देश्य साथ माओवादी पार्टीले सशस्त्र युद्धको घोषणा गर्‍यो । वि.सं. २०५८ मा संकटकालको सशस्त्र युद्धको घोषणापछि युद्धरत माओवादी र नेपाल सरकार वि.सं. २०६३ को विस्तृत शान्ति सम्झौता पूर्व युद्धकै अवस्थामा रहे । विस्तृत शान्ति सम्झौता पश्चात् देशले पुनः शान्तिको श्वास फेर्ने मौका पाएको छ । वि.सं. २०६३ को आन्दोलन पूर्व राजा विरुद्ध छुट्टा छुट्टै लडेका माओवादी र संसदवादी दल बीच भारतको राजधानी दिल्लीमा भारत सरकारका अधिकारीको रोहवरमा आन्दोलनको समझदारी तय भयो र आन्दोलनरत सात राजनीतिक दल र माओवादी बीच वि.सं. २०६२ मंसिर ७ गते १२ बुँदे सहमति कायम भयो ।

वि.सं. २०४७ को नेपाल अधिराज्यको संविधानलाई वि.सं. २०६२/०६३ को आन्दोलन पश्चात २०६३ जेष्ठ ४ गते विभिन्न ४८ बुँदामा संशोधन गरी यसको मौलिक स्वरुपलाई अन्त्य गरिएको थियो (शिवाकोटी, २०७२) । वि.सं. २०६३ माघ १ गते अन्तरिम संविधानको घोषणा गरियो । अन्तरिम संविधानको घोषणा पश्चात असन्तुष्ट मधेशवादी नेताहरुले तराई/मधेश आन्दोलनको घोषणा गरे । वि.सं. २०६३ माघ १६ गते सरकार र आन्दोलनरत मधेशवादी बीच सम्झौता भइ संविधानको धारा १२, ३३, ५४, ६३ र ८१ मा संशोधन गरी संघियतालाई संविधानमा समावेश गर्ने काम भयो (शिवाकोटी, २०७२) । वि.सं. २०६५ जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले राजतन्त्रलाई खारेज गरी गणतन्त्र नेपालको घोषणा गरेपछि नेपाल गणतान्त्रिक राज्य बन्न पुगेको हो (शिवाकोटी, २०७२) । यसरी चन्द्रशमशेरको समयमा सुरु भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न आरोह अवरोह पार गरी आजको अवस्थामा आइपुगेको छ। वि.सं. २०४७ को जनआन्दोलन पश्चात भएका माओवादी विद्रोह वि.सं. २०६२/०६३ को आन्दोलन, मधेश आन्दोलन जस्ता प्रमुख राजनैतिक आन्दोलनबाट संविधानसभाको निर्वाचन भइ दोस्रो संविधान सभाबाट वि.सं. २०७२ असोज ३ गते संविधान जारी भइ वि.सं. २०७२ को संविधान अनुसार तिनै तहका निर्वाचन स्थानीय, प्रदेश र संघीय संसदको सम्पन्न भइ संविधान कार्यान्वयनको अवस्था आइपुगेको छ ।

## निष्कर्ष

नेपालको प्रजातान्त्रिक आन्दोलनले लामो आरोह/अवरोह पार गर्दै आजको यस समयमा आइपुगेको छ। राणाशासनको अन्त्य प्रजातन्त्रको स्थापनाको लागि चन्द्रशम्शेरको समयदेखि सुरु भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न चरण पार गर्दै आज गणतन्त्रात्मक शासन व्यवस्था अंगिकार गरेको समयमा छ। क्रियाशिल प्रमुख राजनैतिक दल र तिनको नेतृत्व आजको नेपालको अवस्थालाई आन्दोलनको अन्तिम अवस्थाको

रुपमा परिभाषित गर्ने गर्दछन् । राजनैतिक आन्दोलनको अन्तिम लक्ष्य गणतन्त्र रहेको र सोको प्राप्ति भएकोले भविष्यमा आन्दोलनको अन्तिम लक्ष्य गणतन्त्र रहेको र सोको प्राप्ति भएकोले भविष्यमा आन्दोलनको औचित्य नरहेको उनीहरुको तर्क छ । हुनत, वि.सं. २०४६ को आन्दोलन पश्चात तत्कालिन आन्दोलनरत दलहरु नेपाली काँग्रेस र बाम मोर्चाले संसदीय पद्धतिको विकल्प नरहेको र वि.सं. २०४७ को संविधानलाई संसारकै उत्कृष्ट संविधान घोषणा गरी ततूपश्चात कुनै प्रकारको प्रजातान्त्रिक आन्दोलनको औचित्य नरहेको तर्क गरेका थिए । वि.सं. २०६२/६३ को पूर्व सन्ध्यामा समेत संसदीय पद्धतिका हिमायतीले २०६२/६३ को आन्दोलनको औचित्य छैन नभनेका पनि होइनन् ।

वि.सं. २०४६ को आन्दोलनकै क्रममा नेपाली काँग्रेस र बाममोर्चामा सम्मिलित गणतन्त्रवादी दलहरुले संयुक्त आन्दोलन समिति बनाएरै छुट्टै रुपमा आन्दोलनमा सहभागि भएका थिए । तत्समयमा उनीहरुको शक्ति तुलनात्मक रुपमा कमजोर थियो तसर्थ उनीहरुले चाहेका परिवर्तनका प्राप्ति नभए तापनि वि.सं. २०४७ को संविधान स्वीकार गरेका थिए । ततूपश्चात घटित घटनाक्रम संसदवादी दलको क्रियाकलाप, तिनको अकर्मण्यता र संसदीय पद्धति माथिकै अलोकप्रियताले वि.सं. २०६२/६३ को आन्दोलनको पृष्ठभूमि तयार भएको संविधान प्रति जनगणतन्त्रात्मक पद्धतिमा विश्वास गर्ने दलहरु, जातीयता तथा क्षेत्रीयताको मुद्दा उठाउने दलहरु, मधेश केन्द्रित दलहरु तथा राजतन्त्रात्मक व्यवस्थाका पक्षधरहरुले वर्तमानको संविधानलाई स्वीकार नगरेको अवस्थामा आजको अवस्थालाई नै प्रजातान्त्रिक आन्दोलनको अन्तिम प्रस्थान विन्दु भने मान्न सकिन्न ।

संसारको इतिहासलाई हेर्ने हो भने राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरी गणतन्त्रमा गएको बेलायत ओलिभर क्रमबलको अकर्मण्यताका कारण गौरवमय क्रान्ति मार्फत् पुनः राजतन्त्रात्मक व्यवस्थामा फर्केको उदाहरण छ । त्यस्तै जनरल फ्रैंकोको निरंकुशताले स्पेनलाई गणतन्त्रात्मक व्यवस्थाबाट पुनः राजतन्त्रमा फर्काएको छ भने गणतन्त्रात्मक शासनव्यवस्था भएको चीन गणतन्त्रको असफल कार्यान्वयनको कारण माओको नेतृत्वमा जनगणतन्त्रमा पुगेको इतिहास छ । त्यस्ता थुप्रै राजनैतिक परिवर्तनको इतिहास हामी बीच ताजैं छ ।

प्रजातान्त्रिक आन्दोलन गतिशिल, निरन्तर चलिरहने आन्दोलन भएकाले लामो अभ्यासको क्रममा त्यसमा देखिने विकृतिले आन्दोलनलाई प्रेरित गरिरहेको हुन्छ । तसर्थ नेपालका शासक वर्ग र तिनको नेतृत्व कर्ताले नेपालको भावी प्रजातान्त्रिक आन्दोलनको स्वरुपको औचित्यता निर्धारण गर्नेछ ।

## सन्दर्भ सामाग्री

अधिकारी, सूर्यमणि (१९९८), नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास, नयाँ दिल्लीः निराला पब्लिकेशसन ।

उप्रेती, प्रेमरमण (१९९२), पोलिटिकल अवेकनिङ्ग, इन नेपाल, न्यू दिल्ली, कमनवेल्थ पश्लिशर्स ।

चालिसे, पुष्पराज (२०५६), जनआन्दोलन २०४६ वि.सं. मा सत्तासीन पक्षको राजनीति, (अप्रकाशित पिएच.डी.) शोध ग्रन्ध ।

देवकोटा, गृष्मबहादुर (२०३६), नेपालको राजनैतिक दर्पण भाग १ र २, काठमाडौंः ध्रुवबहादुर देवकोटा ।

प्रधान, भुवनलाल (२०४७), नेपालको जनक्रान्ति २००७, काठमाडौंः रुमु प्रकाशन ।

मानन्धर, त्रिरत्न र शर्मा, निरन्जन (२०५३), आधुनिक नेपालको राजनैतिक इतिहास (वि.सं. २००७-२०१९), काठमाडौंः सिनास ।

मानन्धर, त्रिरत्न (२०४८), नेपालको इतिहासमा जंगबहादुर, काठमाडौंः दिअती प्रकाशन ।

मिश्र, तीर्थप्रसाद (२०५५), नेपालको आधुनिक इतिहास काठमाडौंः एम.के. पब्लिकेसन्स ।

शर्मा, बालचन्द्र (२०३३), नेपालको ऐतिहासिक रुपरेखा (चतुर्थ संस्करण), वाराणसीः कृष्ण कुमारी देवी ।

शिवाकोटी, गोपाल (२०५९), नेपालको प्रजातान्त्रिक आन्दोलनको क्रममा शहिद जगत प्रकाशजङ्ग शाह, काठमाडौंः सोधखोज प्रकाशन ।